**विकल्प वेबसाइट मार्फत अनलाइनSchoolChoice** आवेदन**मा पहुँच प्राप्त गर्नुहोस् ।**

यदि तपाईंको अभिभावक पोर्टल खाता छ र आफ्नो लगइन विवरण थाहा छ भने, चरण 7 मा जानुहोस् ।

विद्यमान DPS परिवारहरूले उनीहरूको विद्यार्थीको पहिचान नम्बर प्रयोग गरी अभिभावक पोर्टल खाता खोल्न सक्छन् ।

हाल DPS मा नभएका परिवारले पनि सहायक कागजातहरू सहित पूर्व-भर्ना फारम पेस गरी विद्यार्थी पहिचान नम्बर प्राप्त गरेर अभिभावक पोर्टल खाता खोल्न सक्दछन् । पूर्व-भर्ना फारम सम्बन्धी थप जानकारीको लागि, विकल्प तथा भर्ना कार्यालय वा कुनै पनि DPS विद्यालयमा सम्पर्क गर्नुहोस् ।

यदि तपाईंको अभिभावक पोर्टल खाता छैन भने पनि तपाईंले SchoolChoice खाता सिर्जना गरेर SchoolChoice (विद्यालय छनोट) प्रक्रियामा भाग लिन सक्नुहुनेछ । तल उल्लेख गरिएका चरणहरू पालना गर्नुहोस्:

**नोट:** यदि तपाईंको विद्यार्थीको विवरण हाम्रो प्रणालीमा पहिलेदेखि नै हुने सम्भावना छ भने, तपाईंले आफ्नो आवेदन पेश गर्नका लागि विकल्प तथा भर्ना कार्यालय वा DPS विद्यालयसँग सहकार्य गर्नु आवश्यक हुन्छ ।

## एक SchoolChoice खाता खोल्दा

1. **एक SchoolChoice खाता खोल्नुहोस्** लिङ्कमा क्लिक गर्नुहोस् ।




2. एक मान्य ईमेल ठेगाना र वाञ्छित पासवर्ड हालेर तेस्रो हरफमा आफ्नो पासवर्ड पुष्टि गर्नुहोस्, त्यसपछि **खाता खोल्नुहोस्** क्लिक गर्नुहोस् । पासवर्ड सम्बन्धी कुनै पनि विशेष मापदण्डहरू छैनन् ।




तपाईंको ईमेलमा एक पुष्टीकरण सन्देश पठाइनेछ, र तपाईंले तलको स्क्रिन देख्नुहुनेछ । तपाईंले आफ्नो SchoolChoice खाता प्रमाणित गर्न ईमेल खोल्नुपर्छ ।




तपाईंले schoolchoice@dpsk12.orgबाट एक ईमेल प्राप्त गर्नुहुनेछ । यदि तपाईंले आफ्नो इनबक्समा ईमेल देख्नुभएन भने, कृपया आफ्नो स्प्याम/जङ्क ईमेल जाँच गर्नुहोस् । आफ्नो ईमेल प्रमाणित गर्न र




SchoolChoice लगइन पृष्ठमा फिर्ता जान यहाँ क्लिक गर्नुहोस् मा क्लिक गर्नुहोस् ।

तपाईंको खाता प्रमाणित भएपछि तपाईं आफ्नो ईमेल र भर्खरै नयाँ बनाएको पासवर्ड प्रयोग गरी **साइन इन** गर्न सक्नुहुनेछ ।

3. आफ्नो पारिवारिक प्रोफाइल बनाउन **आउनुहोस्, सुरु गरौं** क्लिक गर्नुहोस् ।







4. आफ्नो जानकारी हाल्नुहोस्, त्यसपछि **अर्को क्लिक गर्नुहोस्** । सानो तारा (*) अङ्कित सबै खाली ठाउँहरू भर्नुपर्छ । तपाईंले कम्तिमा एउटा फोन नम्बर हाल्नुपर्दछ ।




5. **अर्को** क्लिक गरिसकेपछि, प्रणालीले तपाईंले हाल्नुभएको ठेगाना एक मान्य विद्यार्थी ठेगाना हो वा होइन भनी रुजु गर्नेछ । तपाईंलाई आफ्नो ठेगाना पुष्टि वा प्रमाणित गर्न लगाउन सकिन्छ । यदि छैन भने, चरण 6 मा जारी राख्नुहोस् ।

**5क. ठेगाना पुष्टि गर्न**, पिन तपाईंको ठेगानाको लागि सही स्थानमा रहेको सुनिश्चित गर्नुहोस् । तलको उदाहरणमा, प्रणालीले "E 47th Ave" र "East 47th Ave" पहिचान गरेन । **निश्चित गर्नुहोस्** चयन गरेर चरण 6 मा जारी राख्नुहोस् ।




**5ख.** प्रणालीले यूनिट नम्बर (अपार्टमेन्ट, सूट, इत्यादि) छुटेका, जिप कोड पहिचान हुन नसकेका ठेगानाहरू, वा ठेगाना आवासीय नभई व्यवसायको हो भने त्यस्तो ठेगानालाई फ्ल्याग गर्नेछ । यदि गलत ठेगाना हालिएको थियो भने **ठेगाना सुधार्नुहोस्** मा क्लिक गरी पछिल्लो पृष्ठमा फर्किनुहोस् र आफ्नो ठेगाना सच्याउनुहोस् वा ठेगाना प्रयोग गर्नुहोस् मा क्लिक गरी जारी राख्नुहोस् ।




6. अर्को स्क्रिनमा आफ्नो विद्यार्थीको विवरण हाल्नुहोस् ।

**नोट:** यदि तपाईंको विद्यार्थी हाल DPS विद्यार्थी हुन् र आफ्नो विद्यार्थीको ID हाल्नुभयो भने, भरिएको विवरण IC मा रहेको विवरणसँग **ठ्याक्कै मिल्ने** हुनुपर्छ: नाम, थर, जन्म मिति र विद्यार्थी ID **सबै** मेल खाने हुनुपर्छ ।




यदि भरिएको विवरण तपाईंको विद्यार्थीको IC रेकर्डसँग मेल खाएन भने, तपाईंले त्रुटि सन्देश प्राप्त गर्नुहुनेछ । यदि तपाईंले त्रुटि सन्देश प्राप्त गर्नुभयो भने, त्रुटि निर्धारण गर्न आफ्नो विद्यार्थीको विद्यालय वा विकल्प कार्यालयसँग सम्पर्क गर्न सक्नुहुन्छ ।

यदि तपाईंको विद्यार्थी पहिले DPS विद्यालयमा थिए भने, तपाईंले *सम्भावित रूपमा मेल खाने विद्यार्थी* सन्देश प्राप्त गर्नुहुनेछ। तपाईंले लिङ्क क्लिक गरेर आफ्नो विद्यार्थीको ID नम्बर पुन: प्राप्त गर्न सक्नुहुनेछ।

यदि तपाईंको विद्यार्थी DPS का लागि नयाँ हुन् र तपाईंले *सम्भावित रूपमा मेल खाने विद्यार्थी* सन्देश प्राप्त गर्नुभयो भने, आफ्नो आवेदन पेश गर्नको लागि विकल्प तथा भर्ना कार्यालय या कुनै DPS विद्यालयमा सम्पर्क गर्नुहोस्।




**6ख.** यदि तपाईंको विद्यार्थी तपाईंभन्दा फरक ठेगानामा बस्छन् भने, **नयाँ ठेगाना** क्लिक गर्नुहोस्। अन्यथा, 6ग मा जानुहोस्।




**6ख.1.** नयाँ ठेगाना टाइप गर्नुहोस्, ड्रपडाउन मेनुबाट विद्यार्थी कोसँग बस्छन् भन्ने चयन गर्नुहोस्, त्यसपछि **अर्को क्लिक गर्नुहोस्**। ठेगाना प्रमाणिकरणको लागि चरण 5 मा हेर्नुहोस्।

**6ग.** यदि तपाईं एक भन्दा बढी विद्यार्थीहरूको अभिभावक हुनुहुन्छ भने, **अर्को विद्यार्थी थप्नुहोस् मा क्लिक गर्नुहोस्**। अन्यथा, **अर्को** मा क्लिक गरी अर्को चरणमा जानुहोस्।

यदि तपाईंले विद्यार्थी प्रोफाइल बनाइसकेपछि तपाईंलाई कुनै पनि बेला **परिवार प्रोफाइल** पृष्ठमा निर्देशित गरियो भने **गृहपृष्ठ** मा क्लिक गर्नुहोस् र चरण 7 मा जानुहोस्।




7. यदि तपाईंको अभिभावक पोर्टल खाता छ भने, साइन इन गरिसकेपछि तपाईंलाई **गृहपृष्ठ** मा निर्देशित




गरिनेछ। यहाँ तपाईंले **नयाँ विद्यार्थी आवेदन थप्नुहोस्**मा क्लिक गरेर विद्यार्थीको लागि आवेदन सुरु गर्न सक्नुहुन्छ।

अर्को पृष्ठमा परिवारका सबै विद्यार्थीहरू देखाउनेछ। चरण 1 मा सहभागी बन्ने विद्यार्थी चयन गर्नुहोस्, आफूले आवेदन गरिरहेको शैक्षिक वर्ष र श्रेणी रुजु गरेर **अर्को** मा क्लिक गर्नुहोस्।




**अर्को स्क्रिनमा तपाईंको विद्यार्थीले आवेदन गर्न मिल्ने DPS का सबै स्कूलहरूको नक्सा देखिन्छ:**




प्रणालीले तपाईंको विद्यार्थीको **अनुमानित स्कूल** र **छिमेक** वा **क्षेत्रगत विद्यालय**को पहिचान गर्नेछ। विद्यालय सूचीमा पनि यी विद्यालयहरू नीलो बाकस चिन्हद्वारा इङ्गित गरिनेछ। तपाईंले दूरी क्लिक गरेर वा स्कूल फाइन्डर अनुप्रयोग मार्फत आफ्नो मनपर्ने विद्यालयको रूपमा जनाइएको आधारमा फिल्टर गर्न सक्नुहुन्छ।

8. आवेदन गर्न **12** स्कूलहरूसम्म चयन गर्नुहोस्। तपाईंले 12 वटै विकल्पहरू रोज्नु *आवश्यक छैन*।




9. पृष्ठको पुछारमा स्क्रोल गर्नुहोस् र **अर्को** क्लिक गर्नुहोस्।

10. आफूले *सबै भन्दा बढी चाहेको* स्कूललाई # 1 स्कूलको रूपमा र्याङ्किङ गर्नुहोस्। तपाईंले हरेक स्कूललाई एक पटक मात्र चयन गर्न सक्नुहुनेछ। **नोट**: स्कूलहरू पुन: क्रमबद्ध गर्न, तपाईं छनोटलाई

**स्कूल चयन गर्नुहोस्** वाक्यांशमा फर्काउनुपर्छ । स्कूलहरू आफूले चाहेको क्रममा राखेपछि **अर्को क्लिक गर्नुहोला** ।




## विकल्प अनुप्रयोग

प्रत्येक ड्रपडाउन अनुप्रयोगमा दिनुपर्ने सबै प्रश्नहरूको उत्तर दिनुहोस् । तपाईं पछि कुनै पनि बेला **हालसम्मको प्रगति सुरक्षित गरेर** आवेदनमा फर्कन सक्नुहुन्छ । यदि तपाईंले **अर्को** क्लिक गर्नुभयो र तपाईंको स्कूल चयन समीक्षा गर्ने पृष्ठमा पुग्नुभएन भने, त्यसपछि पछाडि आवेदनमा स्क्रोल गरेर उत्तर दिनुपर्ने सबै प्रश्नहरूको जवाफ दिइएको सुनिश्चित गर्नुहोस् ।

**नोट**: ECE र किन्डर आवेदकहरूलाई ट्यूशन प्रयोजनका लागि थप प्रश्नहरू हुनेछन् ।




**11.** जारी राख्न **अर्को** क्लिक गर्नुहोस् ।

**12.** आफ्ना छनौटहरू समीक्षा गर्नुहोस्, त्यसपछि **पेश गर्नुहोस्** **क्लिक गर्नुहोस्** ।



**13.** तपाईंलाई आफ्ना छनौटहरू समीक्षा गर्न एक अन्तिम अवसर पाउनुहुनेछ; कृपया ती सही क्रममा रहेको र




आवेदन सही विद्यार्थीको लागि भएको सुनिश्चित गर्नुहोस् । समाप्त भएपछि **पेश गर्नुहोस्** क्लिक गर्नुहोस् ।

आवेदन पेश गरेपछि तपाईंलाई **गृहपृष्ठ** मा पुन:निर्देशित गरिनेछ जहाँ तपाईं एक विद्यार्थीको लागि छनोट गरिएका विद्यालय अवलोकन, सम्पादन वा रद्द गर्न सक्नुहुन्छ ।

तपाईंले यस स्क्रिनबाट **नयाँ विद्यार्थी आवेदन थप्नुहोस्** क्लिक गरेर विकल्प आवेदन. निर्देशनहरू पालना गरी अर्को विद्यार्थीको लागि आवेदन सुरु गर्न सक्नुहुन्छ ।


Student Dashboard
Add New Student
David Test
Edit New Student Application
Current Grade
Second Grade
Next Grade
Third Grade
Projected School
Dora Moore ECE-8 School
Projected Neighborhood School
Dora Moore ECE-8 School
Dora Moore ECE-8 School (Third Grade)
Rank: 1 New Student School Year: 2018-2019 Updated: 01/24/2018 Program Application Type: parent_school Submitted
Cancel
Polaris Elementary School - Highly Gifted & Talented Program (Third Grade)
Rank: 2 New Student School Year: 2018-2019 Updated: 01/24/2018 Program Application Type: parent_school Submitted
Cancel
Rocky Mountain Prep Creekside (Third Grade)
Rank: 3 New Student School Year: 2018-2019 Updated: 01/24/2018 Program Application Type: parent_school Submitted
Cancel
Lincoln Elementary School - Montessori (Third Grade)
Rank: 4 New Student School Year: 2018-2019 Updated: 01/24/2018 Submitted
Cancel
See All
Michael Test
Add New Student Application
Current Grade
ECE 3
Next Grade
ECE 3
Projected School
No guaranteed enrollment
Projected Neighborhood School
No guaranteed enrollment